Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

DOI: https://doi.org/10.3126/spandan.v13i1.75479

# गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि आधारभुत विद्यालयमा बालमैत्री कक्षा व्यवस्थापन

**Samjhana Basnyat**
**Sanothimi Campus**
***basnyatsamjhana@gmail.com***

## लेखसार

*बालमैत्री विद्यालय स्थापना गर्ने नेपाल सरकारको नीतिअनुसार बालमैत्री विद्यालयमा सञ्चालन गरिने सिकाइ क्रियाकलाप सो अनुकुल भएनभएको पहिचान गर्न अति जरुरी भएको हुँदा यो अध्ययन गरिएको हो । विद्यालयमा बालमैत्री कक्षाकोठा व्यवस्थापन तथा सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । यस अध्ययनमा गुणात्मक तरिकाले उद्देश्यमूलक नमूना छनोट प्रक्रियालाई अपनाइ भक्तपुर जिल्लामा सञ्चालित बालमैत्री विद्यालयका नमूना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् विद्यार्थीहरूसँग अन्तर्वार्ता, छलफल, प्रश्नावलीका माध्यमबाट सूचनाहरू लिइएको छ । हालसम्म बालमैत्री विद्यालयको सन्दर्भमा सैद्धान्तिक स्पष्टता विद्यालयहरूमा प्राप्त भैनसकेको अवस्था भए तापनि बालकेन्द्रित शिक्षण पद्धति अपनाएर सक्रिय सिकाइ, दण्डरहीत सिकाइ, विद्यार्थी सहभागिता, समावेशीकरण र विद्यालयमा रमाइलो शिक्षण वातावरण सिर्जनामा भने विद्यालयहरू लागि परेको अवस्था पाइयो । बालमैत्री विद्यालयमा शिक्षक पथ प्रदर्शक तथा निर्देशकको रूपमा रहेर विद्यालयहरूलाई स्व-सिकाइका लागि उपयुक्त रमाइलो वातावरण सिर्जना गर्न कार्यरत रहनु पर्ने र खेलको माध्यमबाट सिकाइ, बालगीत, कविता तथा कथाको प्रयोग, अभिनय तथा नाटकीकरण, परियोजना कार्य, क्षेत्र भ्रमण र सिर्जनात्मक कार्यजस्ता कक्षा कार्य सञ्चालन गर्नुको साथै विद्यालयमा योजनाबद्ध अतिरिक्त क्रियाकलाप सञ्चालन, मनोवैज्ञानिक छात्रवृत्तिको व्यवस्था, शान्ति शिक्षाको व्यवस्था, विना डर सिक्ने अवस्थाको सिर्जना गरेर वास्तविक र अर्थपूर्ण सिकाइको लागि विद्यालयहरू लागिपर्नु पर्ने देखिन्छ । विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न केन्द्रदेखि विद्यालय तहसम्म सबै पक्ष समन्वयात्मक रूपमा योजनाबद्ध कार्यमा जुट्न आवश्यक देखिन्छ र विद्यालयलाई बालबालिकाहरूको आफ्नै घरको रूपमा विकास गराउनु पर्ने देखिन्छ।*

**मुख्य शबदः** *बालमैत्री सिकाइ, बालकेन्द्रीत सिकाइ प्रक्रिया, कक्षाकोठा व्यवस्थापन, गुणस्तरीय शिक्षा, भयमुक्त सिकाइ*

## परिचय

विभिन्न भौगोलिक, जातिगत, भाषिक समुदायका बालबालिकाहरुको शारीरिक, मानसिक, आर्थिक र सामाजिक विकासका लागि भयरहित वातावरणमा सिकाइ गर्न पाउने अवस्थालाई बालमैत्री सिकाइ भनिन्छ । बालबालिकाहरुलाई केन्द्र बिन्दुमा राखेर मित्रवत वातावरणमा मनोरञ्जनपूर्ण ढगंबाट, बालमैत्री सिकाइ सामग्रीको प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गर्न र बालबालिकाहरुको चौतर्फी विकासका लागि सहयोग पुऱ्याउन गरिने सम्पूर्ण क्रियाकलापको समष्टि नै बालकेन्द्रीत सिकाइ प्रक्रिया हो (शै.ज.वि.के., २०६९) ।

नेपालको सन्दर्भमा बालमैत्री अवधारणाको प्रयोग लगभग करिब तीन दशक अगाडि मात्र भएको देखिन्छ । सन् १९९९ मा सेभ द चिल्ड्रेनको सहयोग र सक्रियतामा कन्चनपुर जिल्लाका झलारी, पिपलारी र लेखतमुलारी तीन गा.वि.स.का १० विद्यालयहरुमा पहिलो बालमैत्री अवधारणालाई प्रयोग गरेर विद्यालयका गतिविधि सञ्चालन गर्ने कार्यको थालनी गरियो । यसै गरी सन् २००० मा सेभ द चिल्ड्रेन कै सक्रियतामा सिराहा जिल्लाका असनपुर, लालपुर र फुलकाकट्टी गा.वि.स. का तीन विद्यालयमा विस्तार गरियो । हाल देश भरका सबै विद्यालयमा यस अवधारणाको क्रमशः विस्तार भई कार्यान्वयन भइरहेको छ (निरौला, २०६४) । शिक्षामा गरिएको लगानी शिक्षक र विद्यार्थी दुवैको प्रयास र परिश्रम खेर जान नदिन कक्षाकोठा व्यवस्थापन सिकारुमैत्री बनाउनु पर्दछ (अधिकारी, २०६९) ।

बालमैत्री सिकाइ अवधारणाले मुख्य गरी बालवालिकालाई सिकाई गराउँदा सिकाइ मैत्रीपूर्ण हुनु आवश्यक छ भन्ने मान्यतामा जोड दिएको छ । सिकाई बालमैत्री हुनका लागि बालवालिकाहरुलाई शारीरिक, मानसिक रुपमा प्रदान गरिने सजाय अन्त्य गरिनु पर्छ । जातजाति, भाषा, धर्म, लिङ्गका आधारमा विना भेदभाव विद्यालयमा सिकाइ क्रियाकालप सञ्चालन हुनु पर्छ । बाल मनोविज्ञानअनुसार रमाइलो वातावरण र उनीहरुको रुचि, इच्छा, क्षमतालाई पहिचान गरेर बालमैत्रीपूर्ण सिकाई गर्नु आवश्यक हुन्छ (शै.ज.वि.के.,२०७१)

भयमुक्त सिकाइ अवधारणाले मुख्य गरी बालवालिको सिकाइ मैत्रीपूर्ण बनाउनका लागि विद्यालय एवं कक्षाकोठाभित्र पठनपाठन र अन्य शैक्षिक अतिरिक्त कार्यकलाप भइरहँदा सबै प्रकारका सजायहरुको अन्त्य गर्दछ । ठूला विद्यार्थीले साना तथा कम उमेरका विद्यार्थीलाई हेप्ने, पिट्ने र बलमिचाई गर्ने साथै जातजाती, भाषागत र आर्थिक अवस्थालाई देखाएर कुनै पनि प्रकारको दमन भएको हुनुहुँदैन । विद्यालयमा हुने दण्ड सजायका अतिरिक्त बाल यौनजन्य हिँसासमेत अन्त्य गरी बालबालिकाहरुमा सिकाईका लागि विद्यालयमा बालमैत्री वातावरण हुनुपर्दछ (भयमुक्त सिकाई वातावरणको निमित्त नीतिगत व्यवस्था, २०६७) ।

प्रत्येक बालवालिकाहरुको विद्यालयमा पहुँच सुनिश्चित गर्न, उनीहरुलाई विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विद्यालयको वातावरण, शिक्षकले सञ्चालन गर्ने

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023
शिक्षण-सिकाइ क्रियाकलाप र शिक्षकका व्यवहारहरु नै जिम्मेवार हुन्छन् । यसका लागि सिकाइलाई विद्यार्थीको रुची, क्षमता र स्तर सुहाँउदो बनाउन उनीहरुको आवश्यकता, क्षमता र परिवेशलाई समेत ध्यानमा राखी सहभागीतामूलक विधिको माध्यमबाट जीवनेपयोगी ज्ञान, सीप र धारणाको विकास गराउने वातावरणको सिर्जना गर्न दण्डरहित सक्रिय सिकाइ सञ्चालन गर्नु नै बालमैत्रीपूर्ण सिकाइ हो । यस प्रकारको सिकाइ-वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । त्यसैले बालमैत्री विद्यालयमा विद्यालयमा शिक्षकको भूमिका सहजकर्ता र सहयोगीको रुपमा रहेको हुन्छ । सन् १९९० थाइल्याण्डको जोम्टिन सम्मेलनमा “सबैका लागि शिक्षा” ले आर्थिक, सामाजिक, भौगोलिक, जातीय र लैङ्गिक रुपमा कुनै पनि भेदभाव नगरीकन सबैलाई समेटेर विद्यालयको बालमैत्री वातावरणमा सिकाइ गर्ने पक्षलाई जोड दिएको छ । विद्यालयमा शारीरिक, मानसिक, वौद्धिक, आर्थिक, सामाजिक, भौगोलिक रुपमा फरक-फरक परिवेश भएका बालवालिकाहरु आउँदछन् । सबै बालबालिकाहरुलाई विद्यालयमा सिकाइका लागि समान अवसर, समान रुपमा माया, ममता, स्नेह राखेर सिक्ने वातावरण मिलाउन बालमैत्री सिकाइ गर्नु पर्छ ।

बालमैत्री कक्षा शिक्षण भन्नाले त्यस्तो शिक्षण सिकाइ हो, जहाँ बालबालिकालाई मुख्य केन्द्रविन्दु बनाई बालबालिकाले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालयलाई जनाउँछ । यस अन्तर्गत बालमैत्री पाठ्यसामाग्री, भौतिक वातावरण, स्वागतयोग्य विद्यालय, बालमैत्री शिक्षण सिकाई तथा विद्यार्थी मूल्याङ्कन प्रकृया, मैत्रीपूर्ण शिक्षक विद्यार्थी सम्बन्ध पर्दछ । बालमैत्री बिद्यालय हुनका लागि बालक र शिक्षकको सम्बन्ध मात्र राम्रो भएर हुन्न, बालबालिका अनुकूलको सिकाई वातावरण तयार गर्नु पर्दछ । बालमैत्री हुनका लागि समुदायको पनि ठूलो हात रहन्छ । किनकी शैक्षिक स्तरमा वृद्धि ल्याउनका लागि विद्यालय आवश्यक पर्दछ । विद्यालयले खेल्ने भूमिकामा समुदायको खाँचो पर्दछ । यसरी एक आपसमा अन्तरसम्बन्धित भएकाले विद्यालय र समुदाय दुबैका भूमिका रहन जान्छ । विद्यालय बालमैत्री भएर मात्र हुन्न, यसका लागि शिक्षकमैत्री, लैगिकमैत्री र समावेशी वातारणको सिर्जना गर्ने र आवश्यकतामा आधारित पेसागत संस्थाहरुसँग सरकारले गरेका सम्झौता, सहमति कार्यान्वयनमा सबै प्रतिबद्ध हुनेसम्मका विष्यहरु रहेका छन् ।

बालबालिकाहरुको मनोविज्ञानलाई बुझेर शिक्षण सिकाइ क्रियाकलाप गर्नु पनि निकै ठूलो चुनौती मानिन्छ । विद्यालयको वातावरण सिकाइमैत्री बनाउन शिक्षक, प्रध्यानाध्यापक, अभिभावक लगायतको महत्वपूर्ण भूमिका रहेको हुन्छ । बालमैत्री सिकाइ वातावरणमा मात्र सिकाइ प्रभावकारी हुन्छ भन्ने बुझाइ सबैमा फैलाउनु अति आवश्यक भएको छ । शिक्षकले आफ्ना घरका छोराछोरीलाई जस्तै गरी विद्यार्थीहरुलाई पनि माया, ममता र मनोरञ्जनपूर्ण वातावरण निमार्ण गर्नु आवश्यक देखिन्छ । मायालु वातावरणमा बालबालिकाहरु सिक्नका लागि बालमैत्री विद्यालय हुनु पर्दछ । सबैका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने अवसरको सुनिश्चितता गर्न प्रत्येक विद्यालयलाई बालमैत्री विद्यालयको रुपमा परिमार्जन गर्नु पर्दछ, शिक्षण सिकाइ क्रियाकलापहरुको बारेमा सुधार नगरी विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्न

सकिँदैन । त्यसकारण बालमैत्री विद्यालयमा संचालित शैक्षिक क्रियाकलापहरुका बारेमा अध्ययन गर्नु आवश्यक छ ।

**अनुसन्धान प्रश्नहरु**

यस अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनका लागि निम्न लिखित अनुसन्धानात्मक प्रश्नहरुमा आधारित रही यस अध्ययनलाई अगाडि बढाइएको छः

१. विद्यालयमा बालमैत्री शिक्षण सिकाइका लागि के कस्ता अभ्यासहरु भएका छन् ?

२. विद्यालयमा बालमैत्री शिक्षण सिकाइ व्यवस्थापनका समस्याहरु के के छन् ?

३. बाल कक्षाहरुलाई बालमैत्री कसरी बनाउन सकिन्छ ?

**साहित्यको पुनरावलोकन**

बालमैत्री सिकाइको अवधारणा, महत्व र प्रयासका सम्बन्धमा विभिन्न शिक्षाविद् तथा अनुसन्धानकर्ताहरुले भिन्न भिन्न मत राखेको पाइन्छ । भट्टराई (२०६८) का अनुसार, सीप र धारणामा परिवर्तन हुँदैन भने त्यस्तो शिक्षा भनेको केवल प्रमाण पत्र मात्र सीमित हुन्छ, व्यवहारिक शिक्षा हुन सकेन भने प्रमाणपत्रमा उल्लेखित औपचारिक शिक्षा भनेको केवल औपचारिक स्थलको प्रदर्शनीका लागि मात्र प्रयोग हुने भएको हुँदा व्यवहारमूखि शिक्षा प्रदान गर्नु आवश्यक छ । जसका लागि सानै कक्षा देखि विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्नुका साथै बालबालिकामा भएका समस्या, उनीहरुको रुचि तथा क्षमतालाई मध्यनजर गरेर अध्यापन गराउनु नै वर्तमानको आवश्यकता हो ।

बालमैत्री विद्यालयका बालबालिकाहरु शारीरिक, मानसिक, संवेगात्मक रुपले सुरक्षित रहेका हुन्छन्, स्वास्थ्य वातावरण समेत पाउँदछन् । उनीहरुको सिकाइका लागि आवश्यक वातावरण एवं पाठ्यक्रमको व्यवस्था गरिएको हुन्छ । बालवालिकाहरुलाई उनीहरुको आर्थिक, सामाजिक, शारीरिक, मानसिक, जातजाती, लिङग, भाषा र धर्मका रुपमा विनाभेदभाव विद्यालयमा कुनै पनि प्रकारका शारीरिक, मानसिक र भौतिक दण्डसजायबाट मुक्त हुन्छन् । विद्यालयमा सबै बालबालिकाका लागि आवश्यक पुस्तकहरु पाइने पुस्तकालय रहनु पर्दछ (गर्तौला, २०७१) । विद्यालयको सिकाइ प्रक्रियामा रमाइलो हुनु पर्दछ, धेरैजसोले सिकाइ प्रक्रियामा रमाइलो वातावरण भन्दा पनि केबल अनुशासित मात्र बन्नुपर्दछ भन्ने ठान्दछन् तर त्यो सोचाइ ठीक होइन र बालबालिकाले रमाइलो वातावरणमा बढी सिक्छन् भन्ने कुरा सिकाइ सम्बन्धी गरिएका धेरै अनुसन्धानबाट प्रष्ट भइसकेको छ (अधिकारी, २०७१) ।

कार्की, (२०६८) लेख्नुहुन्छ, गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि बालबालिकाको रुचि, क्षमता र आवश्यकता अनुसार शिक्षा आर्जन गर्ने बालमैत्री वातावरण र्सजना गर्नु बाहेक अन्य कुनै विकल्प नै छैन । विद्यार्थीको सिकाइ उपलब्धिलाई उच्च बनाउनका लागि विद्यालयमा अध्ययनरत विद्यार्थीको धार्मिक, आर्थिक, सामाजिक पृष्ठभूमिको समेत अध्ययन गरी सोही अनुसार पृष्ठपोषण गर्नु एक कुशल शिक्षक तथा विद्यालय प्रशासनको जिम्मेवारी अन्तर्गत पर्दछ । विद्यालयमा बालमैत्री वातावरण निर्माण गरी शैक्षिक उपलब्धि वृद्धिका लागि भौतिक पूर्वाधार,

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

शिक्षण विषय र विधि तथा मूल्यांकन, स्वास्थ्य र अनुशासित वातावरणको निर्माण गर्नु अत्यावश्यक रहेको पाइन्छ । उचित तवरबाट उचित पृष्ठभूमिका निर्माण गरी शिक्षा हासिल गर्नका लागि बालबालिका सक्षम रहनुका साथै उपयुक्त वातावरणमा दिइएको शिक्षा नै व्यवहारमूखी हो । हाम्रो देशमा सरकारी शिक्षाको स्तरमा आकर्षण घट्दो रहेको छ त्यसको ठीक उल्टो निजी विद्यालयमा बढ्दो आकर्षण रहेको छ । राम्रो स्तर ल्याउनु केही सरकारी विद्यालयको मुख्य विशेषता पनि अंग्रेजी विषय नै बनि रहेको छ । तर त्यसमा पनि थुप्रै चुनौती त्यत्तिकै मात्रामा रहेका छन् ।

सरकारी विद्यालयमा शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि मुख्य उपाय भनेको बालबालिकाको भावना अनुसार अध्ययन गराउनुका साथै वर्तमान आवश्यकता अनुसार शिक्षण गराउनु अत्यावश्यक हुन आउँछ । भोलिका दिनहरुमा अभिभावकले चाहे अनुसार र वर्तमान परिवेश अनुसार शिक्षण गर्नुका साथै विद्यालय वातावरण भित्र पनि बालबालिका इच्छा, आवश्यकता, चाहना र भावनालाई कदर हुन सकेका खण्डमा सरकारी विद्यालयको शिक्षालाई सुधार गर्न सकिन्छ (भण्डारी, २०७१) । लैगिक सामाजिक, शारीरिक एवम् जातियताबाट माथि उठेर सबैलाई विद्यालयको सिकाइ परिवेशमा समावेश गर्ने कार्य गर्ने विद्यालय नै बालमैत्री विद्यालय हो । तसर्थ बालमैत्री विद्यालयमा बालबालिकाको इच्छा  र आवश्यकतालाई ध्यान दिएर सबै बालबालिकालाई समावेशी शिक्षाको अवधारणालाई आत्मसाथ गर्दै एकै ठाउँमा शिक्षण गर्ने गरिन्छ (थापा, २०६९) ।

शिक्षकले चाहेमा गर्न सक्छन् गरेकै छन् भन्ने शीर्षकमा उल्लेख गरिए अनुसार राम्रा शिक्षकबाट विद्यालय वातावरण बालमैत्री बन्नुका साथै शैक्षिक उपलब्धि समेत वृद्धि हुने गरेको र बहानाबाजी शिक्षकहरुले बाहना मात्रै बनाउने गरेको कुरालाई उल्लेख गरिएको छ । विद्यालयमा बालबालिकाहरुलाई अध्ययन गराउनका लागि दक्ष एवम् सक्षम शिक्षकबाट नै उपयुक्त वातावरणको निर्माण भई शैक्षिक प्रक्रिया प्रभावकारी बन्ने कुरालाई लेखमा विश्लेषण गरिएको छ (कोइराला, २०७१) ।

बालमैत्री विद्यालयमा सञ्चालित शैक्षिक क्रियाकलापहरु  रोचक, उपलब्धिमूलक र रमणीय हुनुपर्छ भन्ने मान्यता राखिन्छ । गीत अथवा कथाले केटाकेटीको मस्तिष्कलाई सजिलैसँग छुन सक्ने हुनाले शिशुशिक्षा र बाल सिकाइका प्रक्रियामा कथा भन्नु तथा गीत सुनाउनुलाई अत्यन्त प्रभावकारी एव. सफल पद्धतिको रुपमा लिइन्छ । कथा सुनाउँदा घटनाका विष्यवस्तुलाई शब्दमार्फत सिलसिलावद्ध रुपमा हाउभाउ र नक्कलसहितको प्रस्तुतिले बालबालिकाहरुको मस्तिष्कलाई चाँडै छुन सकिन्छ । (पाठक, २०६१) ।

बालबालिकालाई के कस्तो वातावरण दिनुपर्दछ भन्ने कुराको निर्णय गर्दा विद्यालयमा बालमैत्री बातावरण आवश्यक पर्ने कुरा उल्लेख गरिएको छ । यस अनुसार बालबालिकाको चाहनालाई सर्वोपरी स्थान दिँदै बालमैत्री विद्यालयले बालबालिकाको क्षमता र सामर्थ्यमा विश्वास गर्छ र त्यसलाई बाहिर ल्याउन नेतृत्वदायी भूमिका खेल्दछ । बालबालिकालाई विद्यालय आउनुभन्दा अगाडि र विद्यालय छोडिसकेको अवस्थामा समेत चासो दिएर बालमैत्री वातावरणमा सिकाइको

अवसर प्रदान गर्दछ । यसले गर्दा बालबालिकाको सृजनात्मक क्षमता बढ्छ साथै बालबालिकालाई उनीहरुको सक्रियता तथा सृजनात्मकतामा ध्यान दिई दण्डरहित वातावरण सिकाइ कार्य सञ्चालन गर्न जोड दिएको पाइन्छ (शिक्षा विभाग, २०६५) ।
मण्टेश्वरी अनुसार बालबालिकाहरुको स्वतन्त्रताको रक्षा गर्नु यस सिद्धान्तको मर्म हो । स्व निर्देशित क्रियाकलापबाट नै अनुशासन कायम गर्नमा यस विधिले जोड दिन्छ ।
बालबालिकाहरुका लागि आफै गरेर सिक्ने मौका यस विधिले प्रदान गर्दछ । यस विधिमा दण्डको स्थान छैन, कुनै अशान्तिको संकेत यसमा छैन, विद्यार्थीहरु खाली भाँडो होइनन् । उनीहरुको आन्तरिक क्षमतालाई रुचिपूर्ण विषयवस्तुको माध्यमबाट प्रस्फुटन गराउनु पर्दछ । फ्रोवेल सन् १९८४ को विचारमा विद्यालय भनेको बालबालिकाहरुको बगैंचा हो । जसरी एउटा मालिले आफ्नो अथक परीश्रम गरेर श्रम र सीप लगाएर बगैचाका विरुवाहरुको गोडमेल गर्छ, पानी हाल्छ र बिरुवाहरु हुर्काएर ठूलो बनाउँछ त्यसैगरी एउटा कुसल शिक्षकले पनि आफ्नो सीप र कला प्रयोग गरी बिरुवारुपी बाबालिकाहरुको रेखदेख, शैक्षिक मार्गदर्शन गरेर असल व्यक्ति तयार गर्नु पर्दछ । फ्रोबेलको विचारमा विरुवाहरुको र बालबालिकाहरुको बृद्धि र विकास प्रकृया धेरै हदसम्म मिल्दोजुल्दो हुन्छ । विरुवारुपी बालबालिकाहरुलाई स्वतन्त्र वातावरणमा खेल्ने र हुर्कने मौका दिनु पर्छ । बालबालिकाहरुलाइृ स्वतन्त्रतापूर्वक हुर्किने वातावरण तयार गरिदिनुपर्छ । जहाँ बालबालिकाहरु स्वतःस्फूर्त रुपमा बिभिन्न क्रियाकलाप र खेलको माध्यमबाट धेरै कुराहरु सिक्दै जान्छन् । शिक्षा बालबालिकाहरुको रुचिमा आधारित इन्द्रियहरुको अनुभवबाट प्राप्त गर्न सकिने खालको हुनु पर्छ । पारिवारिक वातावरण र खेलको माध्यमबाट शिक्षा दिनुपर्छ । यसरी शिक्षा दिनाले आपसी प्रेम, सद्भाव, सामाजिकताको विकास भई सिकाइ अर्थपूर्ण र प्रभावकारी बन्छ ।

## अध्ययन विधि

यस अध्ययन गुणात्मक ढाँचामा रहेको छ । यस ढाँचामा तथ्यहरुलाई र घटनाहरुलाई शाब्दिक रुपमा व्याख्या एवं विश्लेषण गरिएको छ । अध्ययनको क्रममा लिइएको नमूनाको आधारमा प्राप्त तथ्याङ्कहरुलाई व्याख्यात्मक एवं वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ । भक्तपुर जिल्लाको मध्यपुर ठिमी नगरपालिका रहेका जम्मा १८ वटा विद्यालयहरु मध्य ४ वटा विद्यालयमा मात्र केन्द्रित रहेर अध्ययन गरिएको छ । उद्देश्यमा केन्द्रित भएर प्रतिनिधिमूलक नमुना छनौट गर्दा जनसंख्या भित्रका बालमैत्री कक्षा सञ्चालन भएका सामुदायिक विद्यालयहरुका अनुभवी एवम् शोध समस्यासँग परिचित र स्पष्ट प्रतिक्रिया दिन सक्ने क्षमता भएका ४ जना प्रधानाध्यापक, ४ जना शिक्षक, ८ जना विद्यार्थी, ४ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गरी जम्मा २० जना अनुसन्धानमा सहभागी भएका थिए ।
प्राथमिक तथ्यांकहरु संकलन गर्न अनुसन्धानकर्ता आफै सम्बन्धीत विद्यालयमा गएर प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र विद्यार्थीहरुसँग अन्तरवार्ता लिइएको थियो । साथै कक्षाकोठा तथा सिकाइ क्रियाकलाप अवलोकन समेत गरिएको थियो ।

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

भौतिक तथा शैक्षिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन गर्न एक अवलोकन फाराम प्रयोग गरी विद्यालयको कक्षा कोठा व्यवस्थापन, शिक्षण बिधि, शिक्षण सिकाई क्रियाकलापहरु बालमैत्री दृष्टिबाट अवलोकन गर्न सहयोग पुग्यो ।

यस अध्ययनका लागि शोधकर्ता स्वयम् विद्यालयमा उपस्थित तथ्याङ्क संकलन गरिएको थियो । क्रमशः प्राध्यानाध्यापक, विव्यस अध्यक्ष र शिक्षकसँग पालैपालो अन्तरबार्ता लिइयो । प्रध्यानाध्यापको अनुमति लिई आधारभुत तहका कक्षामा सिकाइ क्रियाकलाप तथा भौतिक एवम् शैक्षिक सामग्रीहरुको अवलोकन समेत गरियो । अन्तवार्ताबाट प्राप्त तथ्याङ्कहरुमा शोधकर्ताको अनुभव, विचार र धारणालाई प्रत्यक्ष वाक्याँशमा राखी निष्कर्ष निकालिएको छ ।

## विद्यालयमा बालमैत्री शिक्षण सिकाइका अभ्यासहरु

विद्यालयको शैक्षणिक अवस्था सुधारको लागि सिकाईका माध्यमहरु प्रयोगात्मक सिकाई भएमा बालबालिकाहरु विद्यालयप्रति आकर्षित हुने छन् । विभिन्न प्रधानाध्यापक तथा शिक्षकले दिएको उत्तरका आधारमा विश्लेषण गर्दा बालमैत्री विद्यालयमा प्रयोगात्मक सिकाई विधि कक्षा क्रियाकलापहरु सञ्चालन गरी विषयवस्तुको शिक्षण गर्ने, उपयुक्त किसिमका बालगीत, कथा तथा कविताहरुको अभिनयद्धारा कक्षा क्रियाकलाप सञ्चालन गर्ने, विद्यार्थीको क्षमता र विषयअनुसार विद्यार्थीहरुलाई परियोजना कार्य गर्न लगाउने, समय समयमा क्षेत्र भ्रमणको व्यवस्था गर्नेजस्ता कक्षा क्रियाकलापहरु सञ्चालन गरिन्छन् । यसरी प्रयोगात्मक सिकाई विधिलाई अपनाइएको तीन वटा विद्यालयमा पाइएको छ । भने बाकि २ वटा विद्यालयमा यो विधि अत्यन्त न्यून मात्रामा मात्र प्रयोग गरिएको पाइएको छ ।

अधिकांश शिक्षकहरुले अन्तिम परीक्षाको अलवा विद्यार्थीहरुको प्रगति मूल्याङ्कन गर्ने आधारभूत तरिकाका रुपमा एकाइ परीक्षा, गृहकार्य र कक्षामा प्रश्नोत्तर मात्र प्रयोग गरेको छन् । उनीहरुसँग शिक्षामा सहभागिता र उनीहरुको सिकाइमा सुधार गर्ने उद्देश्य एक वर्षसम्म पढिसकेको कक्षा फेरि दोहोऱ्याउनु नपर्ने गरी विद्यार्थीहरुको सिकाइलाई सहज पार्नु हो । सफल तथा असफलको मान्यतालाई हटाउनु हो । तर अधिकांश विद्यालयमा विद्यार्थीहरु असफल हुने कमजोरी नै रहेको छ ।

करिब दुईतिहाई विद्यालयमा उत्तरदाता विद्यार्थीहरुले विद्याथीहरुको स्तर कस्तो छ, भनी प्रत्येक परीक्षापश्चात् विश्लेषण गर्ने समयमा मात्र विद्यार्थीहरुको सिकाइ उपलब्धि विश्लेषण गरेर हेर्नेमा थोरै विद्यार्थी रहेको पाइयो । त्यस्तै प्रत्येक महिनामा तथा ६/६ महिनामा जानकारी लिने विद्यालयहरु दुवैको मत रहेको देखिन्छ । अधिकांश विद्यालयहरुले प्रत्येक परीक्षा पश्चात् विद्यार्थीको मूल्याङ्कनलाई विश्लेषण गर्ने गरेको कुरा पुष्टि भएको छ । यसरी बेलाबेलामा नतिजा विश्लेषण गरी आवश्यक पृष्ठपोषण दिएमा, विद्यार्थीमा हौसला दिई सिकाइप्रति अभ्यस्त बनाउन मद्दत पुग्छ । साथै समय समयमा पढाइमा कमजोर विद्यार्थीहरुको अभिभावकसँग छलफल नगन्य रुपमा गरेको सबै विद्यालयमा पाइयो। शैक्षणिक अवस्थाको मूल्याङ्कन गर्दै

जादा मुख्य रुपमा पढाइबाटै कक्षा कक्षाउन्नती नभई धेरै प्रयोगात्मक अंक र उद्धारनितीबाट कक्षा चढाइएको पाइयो ।

बालबालिकाहरुले आफ्ना मनका कुरा सबै सँग साटासाट गर्ने वातावरण नरहेकोले बालबालिकाहरुमा छिन छिनमै रुने चित्त दुखाउने देखि लिएर अन्तमा आत्महत्या समेत गर्ने गर्दछ । यस्ता प्रवृतिलाई हटाउन विद्यालयलाई संवेगात्मक अवस्था लाई पनि अध्ययन गरी विद्यालयलाई समय समयमा परामर्शदाता बोलाई बालबालिकाहरुमा कुण्ठित समस्याहरुलाई समाधान गर्नुपर्दछ । यसरी समय-समयमा परामर्शदाता करिब १ वटा विद्यालयमा मात्रै वर्षमा एक पटक गरेको पाइएको छ भने अन्य तीनवटा विद्यालयमा सो आफ्नै शिक्षकहरुबाट न्यून मात्रामा गरेको पाइयो ।

विद्यार्थीहरु जबसम्म एक आपसमा भावना साटासाट गरि सुख, दुख, पिडा , हर्ष जिन्दगिको एउटा अभिन्न पाटो हो भनेर बुझ्दैन तब सम्म उनिहरु दुःखमा आतिने र सुखमा मातिने प्रवृति विकास भईरहेको हुन्छ । त्यसैले यदि कक्षागत कक्षा मनिटर कक्षा शिक्षक सबै आफ्ना कक्षाका विद्यार्थीहरु सँग सहज रुपमा भावना साटासाट गर्ने वातावरण बनाउन जरुरी छ । जस्ले गर्दा सकारात्मक र नकरात्मक दुवै संवेग व्यवस्थापन भई विद्यार्थीहरुमा सधै एक नासे आनन्दको जिवन र पढाई अगाडिबढाउन मद्दत गर्दछ । यसको लागि पाँचै वटा विद्यालयल नजिकबाट भावना साटासाट गर्नको लागि विशेष गरेर जेष्ठ शिक्षकलाई चुनेको पाइयो । यसरी हेर्दा आधारभुत कक्षाहरुमा बालमैत्री शिक्षण सिकाई वातावरणको अवस्था त्यति सन्तोषजनक नरहेको पाइयो । एफ डब्लु टेलरको सिद्धान्तले समाजलाई वैज्ञानिक रुपबाट अगाडि बढाउन शिक्षालाइ वैज्ञानिक ढङ्गबाट गर्नुपर्दछ भन्दछ । शिक्षालाई काम सिकाउने, प्रशासक र शिक्षकबीच आत्मीय सम्बन्ध, सहयोग र सामञ्जस्य कायम गरेर प्ररण जगाएरु शिक्षण कार्यलाई प्रभावकारी बनाउन सकिन्छ । जसले गर्दा उच्च सिकाइ उपलब्धिमा सहयोग पुग्दछ भनेको छ । वास्तवमा भन्ने हो, भने निरीक्षण तथा अनुगमनकर्ताले दिएका निर्देशन तथा सुझावहरुले शिक्षकहरुमा हौसला मिल्दछ र कामप्रति प्रेरणा जाग्दछ । यसले शिक्षण सिकाइ कार्यलाई प्रभावकारी, वैज्ञानिक एवम् व्यवस्थित बनाउँछ र उच्च सिकाइ उपलब्धि प्राप्तिमा सहयोग पुऱ्याउँछ । तर नमुना छनोटमा परेका विद्यालयहरुमा यि सबै बालमैत्री शिक्षण सिकाई वातावरणको लागि चाहिने कुराको प्रर्यत्न मात्र गरेको पाइयो ।

### ***कक्षाकोठा व्यवस्थापन***

विद्यालयको मुख्य अंग कक्षाकोठा हो । कक्षाकोठामै पठनपाठन हुने भएकोले यसलाई अभिन्न अंगको रुपमा लिनुपर्द । कक्षाकोठामा व्यवस्थित गर्नको लागि चाहिने सेतो पाटी, कुर्सी, मेच, कार्पेट र डस्टबिन इत्यादिले धेरै प्रभाव पारेका हुन्छ । राम्रो खालको बुककर्नर, आकर्षक फर्निचर, पर्दा पङ्खा र बिजुली बत्ति तथा सोलार बत्तीहरु जडानका लागि अधिकांश विद्यालयहरुका प्रधानाध्यापकहरुले स्थानीय दातृ निकायहरुसँग पहल गरेतापनि करिब आधा मात्र पुर्ती भएको जानकारी प्राप्त भयो । विद्यार्थीहरुले विद्यालयको कक्षाकोठामा प्रयोग हुने

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023
चकटी, डस्बिन, गलैचा इत्यादि सामानहरु अझै पनि व्यवस्थित नभएको अधिकांश विद्यार्थीहरुले भनेको पाइयो ।
बालमैत्री शिक्षण सिकाईका लागि कक्षाकोठा फरकिलो, उज्यालो र प्रसस्त मात्रामा हुनुपर्ने र झ्यालमा आवश्यकता अनुसार भ्याटिलेसन हुनु पर्दछ । जसले गर्दा शिक्षण सिकाई प्रभावकारी बन्दछ । सबै वर्ग, जात आदिलाई समान व्यवहार गर्न र गराउन कक्षाकोठा फराकिलो हुनुपर्दछ भन्ने कुरा शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र विद्यार्थीहरुबाट समान्तर रहेको पाइयो ।

***प्रयोगात्मक अवसर***

कक्षालाई बालमैत्री बनाउन प्रयोगात्मक अवसरले धेरै प्रभाव पार्छ । यदि बालबालिकाहरुको मनस्थिति अनुसार प्रयोगात्मक अवसर दिई पढाइयो भने उनीहरु राम्ररी बुझ्दछन्। खेलको माध्यमबाट शिक्षण, बालगीत, कविता, कथाको प्रयोग, पजलहको प्रयोग, अभिनय नाटकीकरण, परियोजना कार्य, क्षेत्र, भ्रमण, सिर्जनात्मक कार्य सबै विकल्पहरुमा सतप्रतिशत उत्तरदाताहरुले आफ्नो सहमति जनाएको पाइयो । यी सबै कक्षा क्रियाकलापहरु महत्वपूर्ण र अनिवार्य छन् भन्ने धारणा विद्यार्थीहरुले प्रकट गरे र कक्षा क्रियाकलापहरु विद्यार्थी केन्द्रित हुनुपर्दछ तथा विद्यार्थीले रमाइलो वातावरणमा आफैँ गरेर सिक्ने अवसर पाउनुपर्छ, भन्ने विचार सबै विद्यार्थीहरुले व्यक्त गरे ।
विद्यार्थीहरुलाई सिकाउने वा सिक्ने वातावरणको व्यवस्थापन गर्ने प्रक्रियालाई शिक्षण सिकाइ प्रक्रिया भनिन्छ । बालकेन्द्रित क्रियाकलाप, बाल अधिकारको सुनिश्चितता भएको, सक्रिय शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको, बाल सहभागितामा जोड दिइने, दण्डरहित वातावरण र उपयुक्त भौतिक वातावरण भएको भन्ने विशेषताहरुलाई शतप्रतिशत उत्तरदाताहरुले जोड दिइएका छन् भने विभेदरहित अवस्था रहेको भन्ने विशेषतामा अधिकत्तम उत्तरदाता पाइयो । सबै बालबालिकालाई स्वागत गर्ने विद्यालय, लैङ्गिक सचेतता र छात्रा अनुकूल परिवेशमा अधिकत्तम समुदायको संलग्नता र समावेशीकरणको अवस्थामा पहुँचयुक्त तथा ग्रहण गर्न सक्ने शिक्षामा आधा उत्तरदाताहरुले आफ्नो  विचार प्रकट गरेका छन् । बालमैत्री विद्यालयका कक्षा क्रियाकलापका सम्बन्धमा खेल, बालगीत, कविता, कथा आदिको प्रयोग गरेर कक्षा शिक्षण सञ्चालन गर्ने पक्षमा सतप्रतिशत उत्तरदाता पाइएको छ , भने अभिनय तथा नाटकीकरण, परियोजना कार्य र क्षेत्र भ्रमण गरेर शिक्षण गर्ने भनाईमा सहमत हुन उत्तर दाताहरु अधिकत्तम पाइयो । त्यस्तै गरी पजलको प्रयोगबाट कक्षा कार्य सञ्चालन गरिन्छ, भन्ने भनाइमा तिनवटा विद्यालयका उत्तरदाताहरु सहमत भएको पाइयो । शैक्षिक व्यवस्थापनको अभ्यासहरुमा शिक्षकले सिकाउने र विद्यार्थीहरुले सिक्ने अन्तर्गत विभिनन स्थलगत भ्रमण, स्थानीय जनप्रतिनिधिहरुसँगको कुराकानी, मेयर सँगको कुराकानी इत्यादिलाई पनि जोड दिइएको पाइयो ।

***भौतिक संरचना***

अधिकांश विद्यार्थीहरुले विद्यालयमा पैसा छैन, हामीलाई खेलकुद र अन्य प्रयोजनका सामग्रीहरु किन्न पैसा उपलब्ध हुँदैन वा नयाँ सामान ल्याइदिन गाह्रो छ, त्यसैले जेजस्ता सरसामग्री छन् । तिनैबाट काम चलाई रहेका छौँ भन्ने उत्तरमा अधिकाशं विद्यार्थीहरुले सहमत जनाए । त्यसैगरी कुनैपनि विद्यालयलाई बालमैत्री बनाउन आर्थिक वातावरणको अवस्थाप्रति सन्तोष नरहेको कुरा जानकारीप्राप्त भयो । यसका लागि त्यस विद्यालयले सो शिक्षकलाई चेतावनी दिई सम्पूर्ण नियमहरु जसमा विद्यार्थीहरुलाई कुट्नु हुदैन र भयरहित शिक्षण सिकाई गर्नुपर्छ भन्ने वडापत्र समेत विद्यालयको सुचना पार्टीमा टासि संवेगात्मक व्यवस्थापनको उदाहरण बनेको पाइयो । बालमैत्री विद्यालयको सरोकारवाला पक्षमा विद्यार्थीहरु पनि पर्दछन् । यस अध्ययनका क्रममा विद्यार्थीहरुसँग पनि छलफल, अन्तरक्रिया तथा प्रश्नावलीको प्रयोग गरेर बालमैत्री विद्यालयका सम्बन्धमा धारणाहरु लिइएको थियो । विद्यार्थीहरुका लागि पढ्ने राम्रो वातावरण र अवसर भएको विद्यालय, रमाइलो वातावरण भएको बालमैत्री विद्यालय हो । कस्तो विद्यालय मन पर्छ भन्ने सम्बन्धमा विद्यार्थीहरुबाट प्राप्त भएको प्रतिक्रियालाई हेर्दा माया गर्ने शिक्षक, खेल्न पाउने र रमाइलो गर्न पाउने विद्यालय मन पर्छ भन्ने उत्तर प्राप्त भयो । बालमैत्री शिक्षण वातावरणको व्यवस्थापनको अभ्यासहरु विद्यालयका सरोकारवालाहरु सम्पूर्ण वि.व्या.स. परिवार, अभिभावक शिक्षक संघ परिवार, अभिभावक, प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी परिवार रविद्यार्थी स्वयंले पनि राज्यको नीति र स्थानीय उपलब्ध स्रोत साधनको उपयोग गरी गर्नुपर्दछ । यी अभ्यासहरु सबै पक्षबाट भएमा विद्यालय बालमैत्री बन्न सक्दछ । शैक्षिक सामग्रीको प्रयोग सन्दर्भमा शिक्षकसँग कुराकानी गर्दा शैक्षिक सामग्रीको निर्माण गर्न धेरै समय लाग्ने र त्यसको लागि आर्थिक अभाब समेत रहको कारण शैक्षिक सामग्री खासै बनाउने गरेको छैन तर उपलब्ध भएको सामग्री भने कहिलेकाँही प्रयोग गर्ने गरेको प्रतिकृया प्राप्त भयो । यसका साथै टिभिमा भिडियो देखाउने कार्य भने दिनहुँ हुने गरेको पाइयो ।

शिक्षकले शिक्षण सिकाइको क्रममा विषयबस्तु अनुरुपका शैक्षिक सामग्रीको व्यवस्थापन प्रभावकारी ढङ्गबाट गर्न नसकेको पाइयो । शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोगमा विद्यार्थीलाई संलग्न गराउन नसकिएको बालबालिकाको उमेर अनुसारको सामग्रीको निर्माण र प्रयोग न्यून मात्रामा भएको पाइयो । यस किसिमको शैक्षिक सामग्रीको व्यवस्थापनको कारण शिक्षण सिकाई पूर्ण बालमैत्री हुन नसकेको देखियो ।

यसरी हेर्दा बाल कक्षामा बालमैत्री शिक्षण व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरु केहीमा राम्रो गरेको त केहि विद्यालयमा धेरै मेहेनत गर्नुपर्ने देखिन्छ । मन्टेश्वरी (२०४२) का अनुसार विद्यालयहरुमा बालबालिकाहरुले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्ने अवसर प्राप्त गर्न सक्छन् । यस्ता विद्यालयहरुलाई नै बालमैत्री विद्यालय भन्न सकिन्छ र बालमैत्री विद्यालयहरुमा बालबालिका रमाई-रमाई आफ्नो कार्यमा अगाडि बढ्छन । उनीहरुको रुची क्षमता र स्तरलाई ध्यानमा राखी सोहि अनुरुप सिकाई वातावरण, विषयवस्तु अनुरुपका शैक्षिक सामग्रीको व्यवस्थपन तथा पाठ्यक्रमको विकास गरिएमा मात्र शिक्षण सिकाई बालमैत्री हुन्छ ।

अतः नेपालका अधिकाश सामुदायिक विद्यालयहरुमा पाठ्यक्रममा राखिएका विषयवस्तु उपयुक्त शिषण विधि र शैक्षिक समाग्री प्रयोग बिनानै शिक्षण सिकाई गर्ने परिपाटि रहेकोले पूर्ण बालमैत्री हुन नसकेको देखियो । तसर्थ अध्ययन क्षेत्रमा परेका विद्यालयहरुमा बालमैत्री कक्षा व्यवस्थापन प्रभाव पार्ने तत्वहरुको नकारात्मक प्रभाव परेको देखिन्छ ।

**बालमैत्री शिक्षण सिकाइ व्यवस्थापनमा देखिएका समस्याहरु**

विद्यालयको कक्षाकोठाले पनि बालमैत्री शिक्षण वातावरण बनाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले बालमैत्री शिक्षण वातावरण व्यवस्थापनमा देखिएका समस्याह के-के छन् भन्ने प्रश्नको जवाफ निम्नलिखित उत्तरहरु प्राप्त भएका थिए, जुन यसप्रकार छन्:

***विद्यालयको भौतिक वातावरण***

विद्यालयको कक्षाकोठाको आकर्षण बुककर्नर, पर्याप्त मात्रामा कक्षाकोठाको ठाउँ, फनिर्चर तथा रंग, सेतो पाटि सुविधा छैन । दुई तिहाई विद्यालयका कक्षाकोठाहरुमा डस्टबिन, पर्दा, राम्रो फनिर्चर छैन । बालबालिका सँग उनीहरुलाई आवश्यक पर्ने कापी, कलम र पुस्तक छैन । भन्ने उत्तर एक स्थानीय अभिभावकले बताउनु भयो । अध्ययन गरिएका विद्यालयहरु कुनैमा पनि विद्यालयमा पर्याप्त मात्रामा आधुनिक स्मार्ट बोर्डको सुविधा नरहेको र कक्षाकोठा आकर्षक नभएको पाइएको छ । भौतिक वातावरण सम्बन्धी समस्याहरुमा विद्यार्थीहरुले निम्नानुसार धारणा राखेका छन् । विद्यालयलाई बालमैत्री बनाएर सञ्चालन गर्ने क्रममा भोग्नुपर्ने समस्याहरु भौतिक व्यवस्थापनमा आइपर्ने कठिनाइ, माथिल्ला कक्षाहरु बालमैत्री बनाउन नसकिएको अवस्था, डेस्कबेन्चहरु भुइँमा फिक्स गरेर राखेको हुनाले आवश्यकताअनुसार यताउता सार्न गाह्रो भएको, समूहमा कार्य गर्न सक्ने गोलो वर्गाकार र उपयुक्त उचाइको नभएको जस्ता समस्याहरु अधिकांश विद्यार्थीहरुले धारणा जनाए ।

***तालिमको अभाव***

बालमैत्री विद्यालय हुनका लागि तालिम प्राप्त शिक्षकहरु हुन अत्यन्तै जरुरी छ । बालमैत्री विद्यालय सञ्चालन नवीतम कार्य हो । यसमा आफ्नो सक्षमता र सफलता देखाउन प्रत्येक शिक्षकहरु दत्तचित्त छन् भन्ने मत प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुले बताएको पाइयो । शिक्षकका लागि बालमैत्री शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित तालिम अनिवार्य छ । बालमैत्री विद्यालयको आधारमा, स्थापना तथा शिक्षण सिकाइ क्रियाकलापको सञ्चालन सम्बन्धमा ज्ञान, सीप र धारणा अभिवृद्धि हुने तालिमको व्यवस्थापनले शिक्षकलाई जिम्मेवार बनाउँछ । शिक्षकका लागि बालमैत्री वातावरणको सृजना र निरन्तरतामा कमी आएको भन्दै अधिकाँश शिक्षक, प्रधानध्यापक तथा अभिभावकहरुले गुनासो व्यक्त गर्नुभयो । त्यसैले शैक्षिक पक्षको कमि तथा समस्याको रुपमा तालिमको अभवलाई पनि एक मान्न

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

सकिन्छ । शिक्षकहरु, कर्मचारीहरुलाई उचित तालिमको व्यवस्था नभएको समस्या ४ वटा अध्ययन गरिएको विद्यालयहरुमध्ये ३ वटा विद्यालयमा पाइयो ।

### *शैक्षिक सामग्रीको कमि*

विद्यार्थीहरुलाई पनि बालमैत्री वातावरण दिनको लागि शैक्षिक सामग्रीको अत्यन्त आवश्यक पर्दछ । विद्यालयले समयमै किताब, कापी, कलम उपलब्ध गराइदिएमा हामीहरु राम्रोसँग पढ्न तथा लेख्न सक्थ्यौँ । घरमा बुबाआमासँग कापीकलम किनिदिने पैसा छैन अनि विद्यालयमा सिकाएका कुराहरु केही पनि घरमा गएर लेख्नेपढ्ने गरेका छैनौँ भन्ने धारणा पनि अधिकाँश विद्यार्थीहरुको रहयो । शिक्षकहरुले शैक्षिक सामग्रीको संकलन, निर्माण र प्रयोग गर्न आनाकानी गरेको भन्ने भाव अधिकाँश प्रधानाध्यापकहरुको रहयो । यसरी अध्ययन गरिएका विद्यालयहरुमध्ये करिब दुईवटा विद्यालयहरुमा मात्रै प्रशस्त रुपमा शैक्षिक सामग्री वितरण भएको र अन्य दुईवटा विद्यालयहरुमा समयमै शैक्षिक सामग्रीको वितरण नभएको र वितरण गर्दा पनि नपुग शैक्षिक सामग्रीको वितरण भएकोले शैक्षिक सामग्रीको कमि पनि बालमैत्री शिक्षण व्यवस्थापन अन्तर्गत देखिएको समस्याको रुपमा रहेको छ ।

### *बजेटको विनियोजन नहुनु*

विद्यालयमा पर्याप्त मात्रामा भौतिक, शैक्षिक तथा मनोरञ्जनात्मक सामग्रीहरुको कमीको एक मात्र कारण विद्यालयमा प्रशस्त आर्थिक स्रोत नहुनु हो । धनबिना मनको कुनै अर्थ छैन, त्यसैगरी धनविनाको विद्यालय अझ बालमैत्री विद्यालय त झनै सम्भव छैन । किनकि बालमैत्री वातावरणका लागि अन्य विद्यालयको दाँजोमा धेरै भौतिक तथा शैक्षिक सामग्रीहरुको आवश्यक खर्चको व्यवस्था कसरी मिलाउनु भएकोछ, भन्ने प्रश्नको उत्तरमा अधिकाँश उत्तरदाताहरुले निम्नानुसार धारणाहरु राखेका छन्ः

आर्थिक स्रोत साधनको कमी वा पर्याप्त बजेट समयमै विनियोजन नहुनाले विद्यालय बालमैत्री बन्न नसकिनु को कारण हो । जसको प्रत्यक्ष असर बालमैत्री विद्यालय वातावरणमा परिरहेको छ भन्ने कुरामा सबै शिक्षकहरुले सहमती जनाउनु भयो । अपर्याप्त बजेटको कारण कक्षाकोठामा समय-समयमा रङ्गरोगन, डेस्क, बेन्च, कार्पेट, पङ्खा, पानी तान्ने तथा तताउने मेसीन, विजुली बत्ति, सि.सि.टि.भि, क्यामेरा, साँगितिक साधनहरु, स्पिकरहरु लगायतका सामग्रीको मर्मत सम्भार कठिनाइ आइरहेको भन्ने जानकारी अधिकाँश विद्यालयका प्रधानाध्यापकहरुले दिनुभयो ।

विद्यालयको लागि निकासा हुने रकम दुई तिहाई रकम भौतिक साधनको मर्मतमा खर्च हुन्छ बाँकी रकम मात्र थप सामग्रीहरुको आपूर्तिमा लगाइन्छ तैपनि अर्को बजेटको निकासा नभएसम्म तिनै सरसामग्रीहरु जीर्ण बनी सक्दछन् । अनि फेरि मर्मतका लागि आर्थिक अभाव खड्किरहन्छ । भनी एक प्रधानाध्यापकले जवाफ दिनु भयो । त्यसैले करिब दुईतिहाइ विद्यालयहरुमा समयमै बजेट विनियोजन नहुनु पनि समस्या देखियो ।

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

### ***सहयोगीको भावनाको कमि***

कुनै पनि क्षेत्र अगाडी बढ्नुमा त्यस क्षेत्र या संस्थाका सहपरिवार खुसी हुनु अत्यावश्यक छ । विद्यालयपनि नितान्त शैक्षिक संस्था हो । जहाँ असल चरित्र निर्माण गर्न सिकाउने मात्र होइन सो को नमुना नै बन्नुपर्ने हो । अतः जहाँ मानव संसाधनको व्यवस्था हुन्छ त्यहा सुख दुख हासी खुसीको पनि वातावरण बन्छ । यहाँ विभिन्न परिवेश, सामाजिक चालचलन, रहनसहन, संस्कृतिका बालबालिकाहरु पठनपाठन गर्न आउने गर्दछन् । यसै सम्बन्धमा बालमैत्री विद्यालय हुन विद्यालयका सम्पुर्ण परिवार सुखी हुन जरुरी छ । शिक्षक शिक्षिका मित्रहरुधेरै दिन बिदामा बसी पढाइमा कमजोरी आएको दुःख प्राय सबै विद्यालयमा भएको संवेगात्मक समस्या देखियो । त्यसै गरि पन्ध्र वर्ष पुरा भयो यसै पेसामा धेरै मेहनत गरेर, सिकायो, पढायो, विद्यालयमा अङ्ग्रेजी माध्यमले पढाइ, लेखाइ गारउनुपर्छ भन्दै अभिभावक आउनुहुन्छ, त्योपनि बिस्तारै सिकाउँदै लग्यो अलि समय बस्छन्, अनि संस्थागत विद्यालयतिर जान्छन् । भन्ने दुखेसो विद्यालयका शिक्षकको देखियो । त्यसैले विद्यालायलाई अभिभावकले र अभिभावक र विद्यार्थीलाई शिक्षक शिक्षककाको सहयोगको भावना हुनु जरुरी हुन्छ ।

### ***सजायको प्रवृत्ति***

समग्रमा विद्यालयहरुमा विद्यार्थीहरुलाई दण्डसजाँय दिने प्रवृतिमा कमी हुँदै गएको देखिन्छ । तर एक विद्यालयमा भने एक शिक्षकले हरेक दिन लठ्ठी बोकी कक्षाकोठामा प्रवेश गर्ने र केही विद्यार्थीलाई कुटपिट समेत गरेकोले विद्यार्थीहरु डर, त्रास र चिन्तामा देखियो । यसरी सजायको प्रवृत्तिमा एक विद्यालय रहेको पाइयो भने बाकि तीनवटामा सजायको रुपमा कुनै पनि भौतिक सजाय गरिएको पाइएन । फ्रोवेल सन् १९८४ को विचारमा विद्यालय भनेको बालबालिकाहरुको बगैँचा हो । शिक्षक भनेको बगैचाको फूलहरुको गोडमेल गर्ने मालि हो । विद्यालय पढ्न आउने बालबालिकाहरु भनेको बगैँचाको फूलहरु हुन् । उसको उत्प्रेरणा घटाउने र बढाउने कार्य ऊभन्दा माथिका अधिकारीले गरिरहेको हुन्छ । यसरी हेर्दा बालमैत्री विद्यालयका शिक्षकहरुका लागि माथिल्लो निकायबाट कुनै उत्प्रेरित गर्ने उत्साहित बनाउने कार्यको आशा राख्दछ । बालमैत्री विद्यालयका शिक्षकहरु योग्य तालिम प्राप्त, लगनशील, मेहनती र नियमित हुन्न् । यस भन्दा बढी त उनीहरु बलकेन्दिंत शिक्षण विधिका प्रयोगकर्ता अर्थपूर्ण प्रभावकारी र सक्रिय सिकाइका प्रस्तोता, समानता र समन्ययिकताका पक्षपाती र आचार संहितापूर्ण पालनकर्ता हुनुपर्दछ । तर यस सन्दर्भमा सोधिएका प्रश्नहरुको उत्तरको विशलेषण गर्दा यी सबै अवस्थाहरुमा शिक्षकले पूर्ण सफलता पाइसकेको अवस्था भने देखिएन । निर्णय प्रक्रियामा सहभागिता, उत्तरदायित्व, चुनौतीपूर्ण कार्यहरु, सामूहिक भावना र क्रियाकलापजस्ता कारणले व्यक्तिको उत्प्रेरणा बढाउन सफल हुन्छ । त्यसैले बालमैत्री वातावरण व्यवस्थापनमा फरक-फरक किसिमको समस्या आउन सक्दछ ।

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

**बालमैत्री शिक्षण सिकाइ व्यवस्थापनमा देखिएका समस्या समाधानका उपायहरु**

बालमैत्री शिक्षण सिकाइ वातावरण व्यवस्थापनमा देखिएका विभिन्न समस्या समाधानका उपायहरुमध्ये नमुना छनोटमा परेका विद्यालयहरुका विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा विद्यार्थीहरुको धारणालाई क्रमशः यहाँप्रस्तुत गरिएको छ ।

***शैक्षिक सामग्रीको निर्माण***

विद्यालयमा विद्यार्थीहरुले छिटो शिक्षा ग्रहण गरोस भन्ने अभिप्रायले शैक्षिक सामग्रीको निर्माण गरिन्छ । तर बजेटको अभावले यस्तो शैक्षिक सामग्री निर्माणमा कमि आउन सक्दछ । त्यसैले आधारभूत तहमा बालमैत्री कक्षा व्यवस्थापनम देखिएका समस्या समाधानका उपायको रुपमा स्थानीय स्रोत र साधन प्रयोग गरि न्यूनन खर्चमा शैक्षिक सामग्रीको निर्माण गर्न सकिन्छ । आफ्नो घरमा पाउने ठूलठूला सिमिका गेडाहरु, लठ्ठीहरु, भागाँहरु इत्यादिलाई पनि शैक्षिक सामग्रीको रुपमा विद्यालयमै निमार्ण गर्न सकिन्छ । यसरी न्यूनतम खर्चमा शैक्षिक सामग्रीका निर्माण गर्न चारवटै विद्यालयहरुले केही न केही प्रयास गरेको पाइएको छ ।

***पुर्नताजगी तालिमको व्यवस्था***

शिक्षकका लागि बालमैत्री शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित तालिम अनिवार्य छ । बालमैत्री विद्यालयको अवधारणा, स्थापना तथा शिक्षण सिकाइ क्रियाकलापहरुको सञ्चालन सम्बन्धमा ज्ञान, सीप, धारणा, कम्प्यूटर तथा प्राविधिक शिक्षा अभिवृद्धि हुने तालिमको व्यवस्थापनले शिक्षकलाई जिम्मेवार बाउन्छ, भन्ने कुरा अधिकांश शिक्षकहरुले बताउनु भयो । जसले गर्दा हाल कोभिडको कारण भइरहेको महामारीमा पनिप्रविधि प्रयोग गरि शैक्षिक समस्यालाई हटाउन सकिन्छ भनि जोड दिनुभयो ।

विद्यालयमा शिक्षकले खेलाउदै नरिसाइकन सिकाउनु पर्ने, प्रयोगात्मक कार्य, अतिरिक्त क्रियाकलाप, व्यवहारिक शिक्षाको वारेमा बुझ्ने र बुझाउने, घरको जस्तो मायालु व्यहार देखाउनुपर्ने जस्ले गर्दा कुनै पनि कुरा नडराइकन सोध्न सकियोस् भने प्रतिक्रिया दिनेको संख्या सबै बालबालिकाहरुमा देखियो, भने शिक्षक शिक्षिकाहरु समयमा कक्षामा आउने र पुरा समय विद्यार्थीसँगै नमूना रुपमा प्रस्तुत हुँदै रमाउनु पर्छ, पुरानो विद्यार्थी मूल्याङ्कन प्रणालीलाई हटाएर सिकाइ र बुझाइका आधारमा कक्षोन्नती गराउने व्यवस्था मिलाउनु पर्छ भन्नेमा अधिकाँश विद्यार्थीहरु थिए । यसरी हेर्दा शैक्षिक समस्याका उपायहरु सबै सरोकारवालाहरुसँग रहेको र सो समस्या समाधान गर्न संस्था भित्रैका परिवारबाट गर्न सकिने देखियो ।

***हौसला, पुरस्कार र पृष्ठपोषण्को व्यवस्था***

अधिकांश विद्यार्थीका अभिभावकहरुको शैक्षिक स्थिति कमजोर रहनु, न्यून आर्थिक अवस्था हुनु, अभिभावक शिक्षा दिन नसकिनु, शिक्षक र अभिभावकहरुले कमजोर विद्यार्थीहरुलाई विशेष ध्यान दिन नसक्नु लगायतका कारणले बालबालिकाहरुको सिकाइप्रति रुचि कम भएको पाइयो ।

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

बालअधिकारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्ने, शिक्षकहरुलाई समय समयमा तालिमको व्यवस्था गर्ने लगायतका सुझाब प्राय: विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुले दिएका थिए । त्यसै गरी महिनाको एक पटक बैठक बसी बलमैत्री विद्यालयका सम्बन्धमा छलफल गर्ने, बालवालिकाको विकासलाई केन्द्रमा राख्ने, सबै बालबालिकाहरुलाई समान व्यवहार गर्ने र विद्यार्थीहरुलाई कुनै किसिमको सजाय नदिने, विद्यार्थीहरुका अगाडि उदाहरणीय भएर प्रस्तुत हुनु पर्ने सुझाब सबै विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुबाट प्राप्त भएको छ ।

घरमा पढ्ने वातावरण अनुकूल नहुनु र सबै विद्यालयहरुले गृहकार्य नदिनु, गृहकार्य दिने तर जाँच्ने र पृष्ठपोषण दिने नर्गनाले बालबालिकाहरुलाई सिकाइप्रति प्रेरित नगरिनु ले बालबालिकाको संवेगात्मक समस्या उत्पन भएको देखिएकोले सबै शिक्षकहरुले समयमै गृहकार्य जाच गरि पृष्ठपोषण गरिदिएमा बालबालिकामा पढ्ने रुची अझ जागरुक हुनेछ सिकारुलाई पुनर्बलको प्रयोग गरी कार्यमा अभ्यस्त बनाउन सकिन्छ । सिकारुको व्यवहारलाई चाहेअनुसारको आकारमा परिवर्तन गर्न सकिन्छ । ठीक समयमा पुनर्बल प्रयोग गर्न नसक्दा त्यसको असर नकारात्मक पनि हुन सक्छ बी.एफ. स्किनरको भनाइ यहाँ लागू हुने देखिन्छ किनकि गृहकार्य जाँच गरी विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिने, गृहकार्य गर्न प्रेरित गर्ने र नियमित गृहकार्य गर्ने विद्यार्थीलाई हौसला दिनुका साथै बेलाबेलामा पुरस्कृत गर्नेहो , भने यसले गृहकार्यलाई नियमित गराउँछ । अभ्यास गर्ने बानीको विकास गराउँछ । पढाइ र लेखाइप्रति अभिरुचि पैदा गराउँछ । जसले गर्दा सिकाइ दिगो हुनुका साथै शैक्षिक उपलब्धि वृद्धि गराउन यसले सहयोग गर्दछ भन्ने भाव अधिकांश प्रधानाध्यापकहरुको उत्तरमा पाइयो ।

### *शैक्षिक सामग्रीको वितरण*

छात्रवृत्ति, पुरस्कार, खाजा, कापी, कलम वितरणजस्ता विविध कार्यक्रमले विद्यार्थी तथा अभिभावकहरुलाई विद्यालय र शिक्षा प्रति आकर्षित गराएको देखाइएको  छ । यस्ता कार्यक्रमले विद्यार्थीहरुलाई हौसला प्रदान गर्दछ । आधारभूत तहका विद्यार्थीहरुले आर्थिक र मानसिक सङ्कटका कारण पढाइमा उचित ध्यान दिँदैनन् । बालबालिकाहरुलाई छात्रवृत्ति, पुरस्कार, खाजाको व्यवस्था, कापीकलमको व्यवस्था तथा अन्य स्टेसनरी सामग्रीहरु पुनर्वलका रुपमा प्रदान गरेर विद्यालयमा नियमित गराउन, पढाइमा चाख बढाउन, पढ्ने बानीको विकास गराउनुपर्दछ । साथै यस्ता शैक्षिक सामग्रीहरुको वितरण समयमै गरेमा विद्यार्थीहरुमा पढ्नुपर्छ भन्ने भावना विकसित भएर बालमैत्री कक्षा व्यवस्थापन अन्तर्गत नानिहरु बलबालिकाहरु पढाइमा अग्रसर हुन्छन् ।

### *परामर्श दिने*

विद्यार्थीहरुको उमेर सँगसँगै उनीहरुको मानसीक र शारिरिक परिवर्तनलाई सामान्य नमानि समय समयमा संवेग नियन्त्रणमा दक्षता प्राप्त सल्लाहकारहरुबाट बिहानी प्रार्थना सभामा

विभिन्न खाले सल्लाह प्रवचनहरु प्रदान गरेपनि संवेगात्मक समस्या समाधान गर्न सकिन्छ। साथै अति चन्चल, अति मौन तथा अनुशासनहिन र रिशालु, आक्रमक स्वभाव भएका विद्यार्थीहरुलाई छुट्टै परामर्श कक्षको व्यवस्था गरि परमर्शदाताबाट परामर्श दिन लगाई संवेगात्मक समस्याको जडैदेखि उन्मुलन गर्न सकिन्छ।

## निष्कर्ष

बालबालिकाहरूको रुचि, क्षमता अनुसारका खेल, गीत तथा अन्य रमणीय क्रियाकलापभित्र सिकाइ उपलब्धि अनिवार्य रूपमा मिसाइएको हुनुपर्छ। प्रत्येक विद्यार्थीले आफूलाई भौतिक रूपमा सुरक्षित, संवेगात्मक रूपमा रमाइलो र मनोवैज्ञानिक रूपमा मर्यादित र मनोबल उच्च महसुस गराउने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ। बालमैत्री विद्यालयले बाल सहभागिता, समावेशीकरण, विभेद र दण्डको अन्त्य, सक्रिय र प्रभावकारी सिकाइसहितको रमाइलो विद्यालय वातावरणमा जोड दिन्छ। विद्यार्थीहरूको घरको रूपमा नै विद्यालय स्थापित हुन नसके तापनि आजको बालमैत्री विद्यलयमा विद्यार्थीहरूले मायालु, सहयोगी, रमाइलो वातावरण भने प्राप्त गरेका छन् र उनीहरू दिक्कलाग्दो अवस्थामा भने छैनन्। प्रत्येक बालमैत्री विद्यालयहरूको कक्षाकोठा व्यवस्थापनमा डेस्कबेन्च हटाएर कार्पेट र चकटी विछ्याउनाले सक्रिय सिकाइका लागि उपयुक्त कक्षा वातावरण तयार हुन्छ। बालमैत्री विद्यालयका कक्षा क्रियाकलापहरूमा खेलको माध्यमबाट कक्षा क्रियाकलापहरू सञ्चालन गरी विषयबस्तुको शिक्षण गर्ने, उपयुक्त किसिमका बालगीत, कथा तथा कविताहरको प्रयोग गरी कक्षा क्रियाकलाप सञ्चालन गर्ने, विषयबस्तुअनुसार अभिनय तथा नाटकीकरणको प्रयोग गरी कक्षा क्रियाकलाप सञ्चालन गर्ने, विद्यार्थीहरूको क्षमता र विषयअनुसार विद्यार्थीहरूलाई परियोजना कार्य गर्न लगाउने, समयसमयमा क्षेत्र भ्रमणको व्यवस्था तथा सिर्जनात्मक कार्य सञ्चालन गर्ने प्रमुख रहेका छन्। यसका लागि प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी, अभिभावक, स्थानीय निकाय तथा संघसंस्था, सम्पूर्ण सरोकारवालाहरूको संलग्नता र सहभागिता आवश्यक छ। बालमैत्री विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रका विद्यालय उमेरका बालबालिकाहरूको खोजी गर्दछ , विद्यालयमा टिकाइ राख्दछ, नियमित गराउँछ र गुणस्तरीय शिक्षा प्रदान गर्दछ। बालमैत्री विद्यालयहरू बालअधिकारको संरक्षणमा सचेत छन् तर पूर्ण परिपालन र कार्यान्वयन भने आंशिक मात्र छ। विद्यालयमा वातावरणको हिसावले शान्तमय, विषयवस्तुका हिसावले शान्ति शिक्षाका पाठहरू, क्रियाकलापका हिसावले सामुहिक एवम् सहभागितामूलक तथा समालोचनात्मक सचेतता बढ्ने छलफल विधिको प्रयोग र अन्तरसम्बन्धका हिसावले सहिष्णुताजन्य वातावरणको सिर्जना बालमैत्री विद्यालयका आधारस्तम्भ हुन। शान्ति शिक्षा बालमैत्री विद्यालयमा अपरिहार्य छ। कुनै पनि विद्यालयलाई बालमैत्रीपूर्ण पद्धतिअनुसार सुसञ्चालन गर्न विद्यालयका प्र.अ. तथा शिक्षकहरूको महत्वपूर्ण दायित्व रहन्छ।

**सन्दर्भ सामग्रीहरु**

अधिकारी, विष्णुप्रसाद (२०६५), शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०७१), माध्यमिक शिक्षक दिग्दर्शन, काठमाडौं : आशिष बुक हाउस प्रा.लि. ।

काफ्ले, बासुदेव र अन्य (२०६१), शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा, काठमाडौंः विद्यार्थी प्रकाशन ।

कोइराला, विद्यनाथ (२०७१), चाहने शिक्षकले गर्छन् गरेकै छैन्, शिक्षक मासिक, काठमाडौ : ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लि. ।

कार्की, बाबुकाजी, (२०६८), बालमैत्री विद्यालय, शिक्षक मासिक, काठमाडौंः ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लि. ।

कोइराला, विद्यनाथ (२०५७), शैक्षिक व्यवस्थापन तथा स. गठनात्मक व्यवहार : काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६४), शैक्षिक अनुसन्धान पद्धतिः काठमाडौंसनलाइट पब्लिकेशन ।

खनाल, पेशल (२०७४), शैक्षिक अनुसन्धान पद्धतिः काठमाडौंसनलाइट पब्लिकेशन ।

गर्तोला, मित्रनाथ (२०७१), बालमैत्री विद्यालय हाम्रो आवश्यकता, भक्तपुरः शैक्षिक जनशक्ति विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), आधारभूत शिक्षा पाठ्यक्रम, कक्षा १-३, भक्तपुरः लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), आधारभुत शिक्षा पाठ्यक्रम, कक्षा ४-५, भक्तपुरः लेखक ।

पाठक रिमाल, (२०६१), केटाकेटीको समस्यालाई कसरी बुझ्ने?, नयाँ बानेश्वर, काठमाण्डौः नेसनल इन्स्टिच्युट अफ साइकोलोजी ।

भण्डारी, अखण्ड (२०७१), सरकारी शिक्षा सुधार्ने उपाय, काठमाडौंः कान्तिपुर राष्ट्रिय दैनिक ।

भट्टराई होमनाथ एवम् नेपाल विमल (२०६८), शैक्षणिक विधि, काठमाडौंः जुपिटर पब्लिशर्स एवम् डिष्ट्रिव्युटर्स ।

भट्टराई, रीता (२०७०), आधारभूत शिक्षामा बालमैत्रीपूर्ण वातावरण र व्यवस्थपनको अवस्था शोधपत्र केन्द्रिय क्याम्पसः कीर्तिपुर ।

थापा, कमला (२०६९), बालमैत्री विद्यालय निर्माणमा विद्यालय स्वस्थ्य कार्यक्रमको भूमिका, काठमाडौंः शिक्षा सोपान ।

रिमाल, पाठक (२०६१), केटाकेटीको समस्यालाई कसरी बुझ्ने, काठमाडौंः नेसनल इन्स्टिचुट अफ साइकोलोजी ।

वाग्ले, मनप्रसाद (२०६५), शिक्षाको परिचय, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६१), कक्षाकोठामा मनो विज्ञान काठमाडौंः एम. के. पब्लिशर्स एण्ड डिब्ट्रीबयूटर्स।

Spandan Peer-Reviewed Journal Year: 13 Vol.13 Issue: 1 June 2023

शिक्षा विभाग (२०६५), बालमैत्री विद्यालय शिक्षक परीक्षण पुस्तिका, भक्तपुरः लेखक ।

शिक्षा, विभाग (२०७१), बालमैत्री विद्यालय, बालकेन्द्रित सिकाइ प्रक्रिया शिक्षक स्रोत सामग्री, भक्तपुरः लेखक ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७१), बालमैत्री विद्यालय, बालकेन्द्रित सिकाइ प्रक्रिया शिक्षक स्रोत सामग्री, भक्तपुरः लेखक ।

शैक्षिक तालिम केन्द्र ख (२०६४), प्रशिक्षक पुनर्ताजगी तालिम, प्रशिक्षक निर्देशिक तथा प्रशिक्षार्थी स्रोतसामग्री, भक्तपुरः लेखक ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६९), एकिकृत बालमैत्री विद्यालय स्रोत सामग्री, भक्तपुर : लेखक ।

सेरिड (२०६२), फर्मेटिभ अनुसन्धान परियोजना, अनुसन्धान प्रतिवेदनहरुको सारसक्षेप, काठमाडौंः लेखक ।

Aggrawal, J.c. (2000). Principles, Methds and Techniques of teaching. New Delhi: Vikash Publishing House.

Montessori, (1942). Reconstraction in education, New Delhi: Vikas Publishiing House.

Plan International (2008). Learn without fear, the global Campaign to end ciolence in schools. England: Plant limited chobham house.

Save the children (2008). Annual report 2007. Kathamandu: Nepal.

Thakur, & Thakur D.N. (2004). Education Planning and administration New Delhi: Deep and Deep Publications.